# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पोखरिबोङ, तेह्रथुम कोशी प्रदेश, नेपाल


पत्र संख्या : २०८३/८४
चलानी नं. :

मिति : २०८३-०५-०३
ने.सं. ११४६

**विषय: खेलाडी सूचिकृतका लागि निवेदन पेश गर्ने सूचना।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको प्रतिनिधित्व गरी गाउँपालिकाको आधिकारिक खेलाडीको रुपमा फेदाप गाउँपालिकाभित्र वा गाउँपालिकाभन्दा बाहिर जुनसुकै स्थानमा सञ्चालन हुने खेलकुद कार्यक्रमहरुमा यस कार्यालयको सिफारिस सहित सहभागी हुन जाने फेदाप गाउँपालिका स्थायी ठेगाना भएका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरुको अभिलेखिकरण गर्ने प्रयोजनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी यस कार्यालयमा मिति २०८३।०५।१८ गते सम्ममा सूचिकृत हुनका लागि फेदाप गाउँपालिका खेलकुद विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा २० को उपदफा १ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी।
ख) सूचीकृत हुने खेल विधा वा जिम्मेवारी खुल्ने कागजात।
ग) सम्बन्धित वडा कार्यालयको सिफारिस।
घ) राजश्व बापत यस कार्यालयमा रु. २००।- दाखिला गरेको भौचर।

मिलन कार्की
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सबै वडा कार्यालयहरु फेदाप गाउँपालिका, तेह्रथुम।

अनुसूची ३
(दफा २१ को उपदफा १ सँग सम्बन्धित)

मितिः.............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
फेदाप गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
पोक्लावाङ, तेह्रथुम ।

**विषयः खेलाडी सूचीकृत गरिदिनु हुन ।**

प्रस्तुत विषयमा मेरो देहायको विवरण संलग्न राखि तहाँ गाउँपालिकामा फुटबल/ भलिबल/ ..................................... खेलाडी/प्रशिक्षक/व्यवस्थापक/......................... को रुपमा सूची दर्ताको लागि पेश गरेको छु । गाउँ कार्यपालिकाको कार्यालयको नियमानुसार सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछु ।

संलग्न कागजातहरु
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।
ख) सूचीकृत हुने खेल विधा खुल्ने कागजात ।
ग) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
घ) तोकिए बमोजिमको राजश्व दाखिला भौचर ।

नामथर:
स्थायी ठेगाना:
हस्ताक्षर

CamScanner